नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# भरतपुर अस्पताल

## वोलपत्र सम्बन्धि सूचना

## (दोश्रो पटक प्रकाशित मिति २०७२।०६।१३)

यस अस्पतालको लागि आ.ब.०७२/०७३ मा आवश्यक यु.एस.जि. र डेन्टल एक्सरे र छपाईजन्य सामानहरु बोलपत्रको माध्यमबाट खरीद गर्नुपर्ने भएकोले ईच्छुक सप्लाई गर्न ईजाजत प्राप्त सप्लायर्स एवं विक्रेताहरुवाट रित पूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै यस सम्बन्धी विस्तृत जानकारीको लागि यस अस्पतालको Web site http//www.bharatpurhospital.gov.np मा हेर्न सकिनेछ ।

**शर्तहरुः**

१) आ.व. २०७१/०७२ का लागि नविकरण भएको इजाजत पत्र दर्ता र मु.अ.कर दर्ता सहितको स्थायी लेखा नं. प्रमाण पत्रको प्रमाणित प्रतिलिपी संलग्न राखि निवेदन दिई यस अस्पतालको Website http//www.bharatpurhospital.gov.np को eProcurement System मा गई TOR download गर्न सकिनेछ । TOR खरीद गर्न सूचना प्रकाशित भएको मितिले १५ औं दिनभित्र रितपूर्वक रु.१०००।- (एकहजार रुपैया मात्र) (फिर्ता नहुने गरी) यस अस्पतालको रा.बा.बैंक भरतपुरमा रहेको चल्तीखाता नं.९६७ मा जम्मा गरी खरीदगर्न सकिनेछ । ABBS भौचर जम्मा गर्ने बोलपत्रदाताहरुले अस्पतालको खाता रहेको बैक शाखाबाट रुजु/प्रमाणित गरि पेश गर्नुपर्नेछ । अन्यथा मान्यता दिइनेछैन ।

२) बोलपत्र दर्ता गर्दा जमानत वापत तपशिलमा उल्लेखित धरौटी रकम को.ले.नि.का.चितवनको रा.बा.बैंक, भरतपुर शाखामा रहेको ख ३ धरौटी १३१०२०३०००००० खातामा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तिमा १२० दिन म्याद भएको यस अस्पतालको नाममा जारी भएको विड वण्ड पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भए पछि नियमानुसारको रकम संभ्कौता गर्नु अगावै धरौटी खातामा जम्मा गर्नुपर्ने वा यस कार्यालयको नाममा 'क' वर्गको बाणिज्य बैकबाट जारी भएको कम्तिमा एक वर्ष म्याद भएको परफरमेन्स वण्ड पेश गर्नुपर्नेछ ।

३) खरीद भएको बोलपत्र सूचना प्रकाशित भएको मितिले ३१ (एकतीसौ) औ दिनको १२:०० वजे भित्र यस अस्पतालको Website http//www.bharatpurhospital.gov.np को eProcurement System मा गई १) बोलपत्र दस्तुर वापतको बैंक भौचर २) धरौटीको बैंक भौचर वा विडवन्ड, ३) BOQ/TOR ४) कर चुक्ता प्रमाणपत्र ५) फर्म दर्ता प्रमाण पत्र ६) मु.अ.कर दर्ता प्रमाणपत्र मात्र Scan गरी Upload गर्न सकिनेछ साथै अन्य आवश्यक सक्कल कागजातहरु ( Hard Copy) तीन दिनभित्र अस्पतालमा बुभ्काउनु पर्नेछ । Upload भएका बोलपत्रहरु १६(सोह्रौ) दिनको २:०० वजे यस अस्पतालमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । प्रतिनिधि उपस्थित नभएपनि वोलपत्र खोल्न वाधा पर्नेछैन । बोलपत्र खरीद गर्ने अन्तिम दिन विदा पर्न गएमा सोको भोलिपल्ट बोलपत्र दस्तुर वापतको रकम बैक दाखिला गरि १२:०० बजे भित्र नै बोलपत्र E-Tender मार्फत Upload गरि सक्नुपर्नेछ । साथै बोलपत्र दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा सोको भोलिपल्ट उक्त कार्य हुनेछ ।

Medical Superintendent

४) बोलपत्र दाताले कवोल गरेको प्रत्येक आइटमको दररेटलाई (मु.अ.कर बाहेक) अंक र अक्षरमा स्पष्टसँग उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरलाई मान्यता दिइने छ ।

५) कार्यालयले तयार गरेको लागत अनुमान थपघट हुन सक्नेछ । लागत अनुमान थपघट भएता पनि बोलपत्र दाताले सोही दररेटमा  सामान सप्लाई गर्नुपर्नेछ ।

६) सप्लाई गरिने सम्पूर्ण सामानहरु उच्च गुणस्तरको हुनपर्नेछ । गुणस्तरहिन  सामानहरु स्वीकार्य हुने छैन ।

७) बोलपत्रदाताले कवोल गरेको दरभाउमा तोकिएको परिमाण मापदण्ड अनुसार र समयमा सामान सप्लाई गर्न नसकेमा बजारबाट सिधै खरीद गरिनेछ । त्यसरी खरीद गर्दा बोलपत्रमा उल्लेख गरिएको मुल्य भन्दा बढी पर्न गएमा बोलपत्र दाताको धरौटी रकम वा भुक्तानी गर्न वाकि रकमबाट असुल उपर गरिनेछ ।

८) कुनै बोलपत्र स्वीकृत गर्ने वा नगर्ने, पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस अस्पतालमा सुरक्षित रहनेछ । बोलपत्र दाताले दररेट पेश गर्दा कुनै आइटमा सो आइटमको लागत अनुमान भन्दा अस्वभाविक रुपमा बढी दररेट पेश गरेको पाइएमा उक्त आइटम स्वीकृत हुनेछैन । साथै अस्वभाविक रुपमा घटी दररेट पेश गरेमा समेत सोको स्पष्ट आधार पेश गर्नुपर्नेछ ।

९) शर्त रहेको, रीत नपुगेको तथा म्याद नाघी आएको वोलपत्र उपर कुनै कारवाही हुने छैन । एक फर्म वा सस्थाको नाममा खरिद गरिएको वोलपत्र अर्को फर्मको नामवाट जम्मा गर्न पाईने छैन ।

१०) बोलपत्रदाताले आफू कालोसूचीमा नपरेको भनी स्वयं घोषणा पेश गर्नुपर्नेछ ।

११) संझौता गरी सामान सप्लाई नगर्ने फर्मलाई नियमानुसार कालो सूचीमा दर्ताको लागि पठाइनेछ ।

१२) थप जानकारीको लागि यस अस्पतालको प्रशासन शाखामा सर्म्पक राख्न सकिनेछ ।

१३) यसमा नपरेका अन्य कुराहरु सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६४ अनुसार हुनेछ

| सि.नं. | ठे.नं. | विवरण | धरौटी रकम | बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| 1 | 01/072/073 | छपाईजन्य सामानहरु | ६९,०००। | १०००। | पूनः टेण्डर |

Medical Superintendent